# समुदायद्वारा व्यवस्थित विद्यालयको शैक्षिक सामग्रीको व्यवस्थापन

स्नात्तकोत्तर तह शैक्षिकयोजना तथा व्यवस्थापन बिषयको
आंशिक आवश्यकता परिपुर्तिका लागि शैक्षिक
योजना तथा व्यवस्थापन
विभागमा प्रस्तुत

**शोधपत्र**

**प्रस्तुतकर्ता**
गोविन्दबहादुर मादेन
क्याम्पस रोल्नं : ७०/२०६३/०६५
परीक्षा रोल्नं.  : २१४००४८ (दोस्रो वर्ष )
त्रि.वि. दर्ता नं.: १५६९७-९३

सुकुना बहुमुखी क्याम्पस
शैक्षिक योजना तथा व्यवस्थापन विभाग
इन्द्रपुर, मोरङ्ग

२०६७ आश्विन

## सिफारिस पत्र

प्रस्तुत शोधपत्र निज गोविन्दबहादुर मादेनले मेरो प्रत्यक्ष निगरानी र मार्गनिर्देशनमा रही शैक्षिक योजना र व्यवस्थापन विषयको स्नातकोत्तर उपाधिको आंशिक आवश्यकता परिपूर्तिका लागि **समुदायद्वारा व्यवस्थित विद्यालयको शैक्षिक सामग्रीको व्यवस्थापन** विषयमा यो शोधपत्र तयार पार्नुभएको हो । प्रस्तुत शोध पत्रलाई आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

..............................

लक्ष्मीकुमार श्रेष्ठ

विभागीय प्रमुख तथा शोध निर्देशक

सुकुना बहुमुखी क्याम्पस

इन्द्रपुर, मोरङ

मिति : २०६७/६/१०

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, श्री सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर मोरङमा शैक्षिक योजना तथा व्यवस्थापन विषय लिई स्नातकोत्तर तहमा अध्ययन गर्ने छात्र गोविन्दबहादुर मादेनले यस तहको उपाधिका निमित्त निर्धारित आंशिक आवश्यकता परिपूर्ति गर्न प्रस्तुत गर्नु भएको **समुदायद्वारा व्यवस्थित विद्यालयको शैक्षिक सामग्रीको व्यवस्थापन** शीर्षकको शोधपत्र मूल्याङ्कनका लागि सिफारिस भएको हुँदा यस समितिबाट स्वीकृति प्रदान गरिएको छ ।

**शोध मूल्याङ्कन समिति**

| क.स | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | लक्ष्मीकुमार श्रेष्ठ | विभागीय प्रमुख तथा शोध निर्देशक | .............. |
| २ | खगेन्द्रप्रसाद लुइटेल | सदस्य, शोध समिति | ............... |
| ३ | अशोक बस्नेत | सदस्य, शोध समिति | ................ |
| ३ . | .हेमराज ढकाल | वाह्य परीक्षक | ............... |

मिति : २०६७/६/ /

# कृतज्ञता

त्रिभुवन विश्वविद्यालय अन्तरगत शिक्षाशास्त्र संकाय स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्षको शैक्षिक योजना तथा व्यवस्थापन प्रमुख विषय लिएर अध्ययन गर्ने विद्यार्थीहरूका लागि कुनै एउटा शिर्षकमा अध्ययन अनुसन्धान गरी वास्तविक रूपले तथ्याङ्क सङ्लग्न गराई शोधपत्र तयार गर्न अनिवार्य रहेको छ । कुनैपनि विषयमाथि गरिने अध्ययन अनुसन्धानका लागि अरूको सहयोग आवश्यक महत्वपूर्ण हुँदोरहेछ । सर्वप्रथमत श्री सुकुना बहुमुखी क्याम्पस इन्द्रपूर, मोरङका क्याम्पस प्रमुख लगायत श्रद्धेय गुरुवर्गमा प्राध्यापक, उपप्राध्यापक, सहायक प्राध्यापक र विभिन्न विभागमा रहनु भएका कर्मचारीहरूप्रति सहयोगको लागि हार्दिक आभार व्यक्त गर्न चाहन्छु । त्यस्तै गरी प्रस्तुत अध्ययन प्रतिवेदन लेखनका लागि मार्गनिर्देशकमा रही मलाई सुझाव र सहयोग पुऱ्याई दिनुहुने मेरा श्रद्धेय गुरु एवम् शैक्षिक योजना व्यवस्थापन विभागका विभागीय प्रमुख उपप्राध्यापक श्री लक्ष्मीकुमार श्रेष्ठज्यू प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

यस शोधपत्र तयार गर्नका निम्ति मलाई निरन्तर सहयोग सल्लाह दिनु हुने र अभिलेखहरू समेत उपलब्ध गराई दिनु हुने सिंधुवा स्रोतकेन्द्र धनकुटाका स्रोतव्यक्ति श्री धर्मराज थोक्लेन ज्यू प्रति पनि हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै उहाँले सन्दर्भ सामग्री समेत उपलब्ध गराइ दिई अध्ययन अनुसन्धानका लागि दिनु भएको हौसला र प्रेरणा सदैव सह्रानीय रहनेछ । त्यसै गरी विभिन्न विद्यालयका विद्यालय व्यवस्थापन समिति अध्यक्ष एवम् सदस्यहरूले मौखिक रुपमा तथ्याङ्क सङ्कलन गर्न सहयोग गर्नु भएकोमा हार्दिक धन्यवाद टक्रयाउन चाहन्छु ।

नमुना छनौटमा रहेका प्रत्येक विद्यालयका प्रधानाध्यापक ज्यूहरूले तथ्याङ्क सङ्कलनका लागि गर्नु भएको सहयोग र शिक्षकहरूले प्रश्नावली भरिदिई अध्ययनलाई सफल पारी दिनु भएकोमा हार्दिक आभार व्यक्त गर्दै यस अध्ययन प्रतिवेदनलाई सफल पार्नको निम्ति विद्यार्थीहरूको समेत राम्रो भूमिका रहेको हुनाले धन्यवादका पात्र बनेका छन् ।

अन्त्यमा यस प्रतिवेदन लेखनमा सहयोग एवम् सुझाव सल्लाह दिनु हुने श्रेद्धेय गुरु, अन्य शिक्षाप्रेमी लगायत तथ्याङ्क सङ्कलनमा सहयोग गर्नु हुने विभिन्न विद्यालयका विद्यालय परिवार प्रति हार्दिक कृतज्ञता टक्रयाउदै यस अध्ययन प्रतिवेदनलाई भाषा शुद्धीकरण गरी कम्प्युटर टाइप गरेर सहयोग गर्नु हुने मित्र श्री सेरबहादुर बानियाँ ज्यू प्रति पनि हार्दिक आभार व्यक्त गर्दछु ।

गोविन्दबहादुर मादेन

मुर्तिढुङ्गा, धनकुटा

# शोधसार

यस शोधपत्रमा रहेका विषय **"समुदायद्वारा व्यवस्थित विद्यालयको शैक्षिक सामग्रीको व्यवस्थापन "** हो । शिक्षालाई व्यवस्थित ढङ्गले सञ्चालन गर्नका लागि वि.स. २०२८ मा राष्ट्रिय शिक्षा पद्धतिको योजना गठन भएको थियो । यसले शिक्षाको क्षेत्रमा युगान्तकारी परिवर्तन गरेर शैक्षिक विकासमा सुधार भएको छ । शैक्षिक पक्षको सुधार गर्नका लागि शैक्षिक सामग्रीको व्यवस्थापन गर्न अपरिहार्य छ । जसले गर्दा यस शोधपत्रको अध्ययन गर्नको प्रमुख उद्देश्य शैक्षिक सामग्रीको निर्माण र सङ्कलन गर्ने प्रक्रियाको अध्ययन गरी, सामग्रीको प्रभावकारिताको विश्लेषण गर्नु र शैक्षिक सामग्री व्यवस्थापनमा देखिएका समस्याहरूको पहिचान गरी समाधानका निम्ति उपायहरू बताइदिनु रहेको छ ।

शोधपत्रलाई प्रभावकारी एवम् गुणस्तरमा सुधार ल्याउनको लागि शोधपत्रसँग सम्बन्धित सिद्धान्तहरूको पुनरावलोकन गर्न जरुरी देखिन्छ । तसर्थ हेनरी फेयोल (१९१६) का सिद्धान्तानुसार जुनसुकै कार्यलाई सफल पार्न कामदारहरूले उनीहरूको क्षमतानुसार कार्य विभाजन गरी कार्य गर्दा कार्यक्षमता र दक्षतामा अभिवृद्धि गर्दछ र आवश्यक स्रोत साधन राख्ने निश्चित ठाउँको व्यवस्था हुनु पर्दछ । त्यस्तै गरी प्याभलभ (१९०४) का अनुसार विभिन्न स्रोत, साधन र प्रयोगशालाको व्यवस्थापन गर्दा कार्य प्रभावकारी हुन्छ भन्ने कुरा उल्लेख गरिएको छ । साथै शिक्षा नियमावली लगायत विभिन्न पाठ्यपुस्तकमा शैक्षिक सामग्रीको व्यवस्थापन गर्दा सिकाइमा हुन आउने प्रभावकारीतालाई प्रष्ट पारिएको छ । उक्त शोधपत्र तयार गर्न शोधकर्ताले समुदायमा जाने ७ ओटा विद्यालयहरूको शैक्षिक सामग्रीको व्यवस्थापनको अध्ययन गर्न गुणात्मक र परिमाणात्मक दुवै विधि अपनाएको छ ।

यस शोधपत्र तयार गर्नका लागि विद्यालयका अभिलेखबाट परिमाणात्मक तथ्याङ्कहरू सङ्कलन गरिएका छन् । सिंधुवा स्रोतकेन्द्रअन्तर्गतका विद्यालयहरू मध्ये purposive sampling method द्वारा नमुना छनौट गरी ७ ओटा विद्यालयहरू अध्ययनको विषयवस्तु बनाइएको छ । जुन विद्यालयका प्र.अ., २/२ जना शिक्षक शिक्षिकहरू र २/२ जना छात्र तथा छात्राहरूलाई छनौट गर्नका लगि Random Sampling Method विधि अपनाइएको छ । उक्त छनौटमा

रहेका जनसङ्ख्याद्वारा तथ्याङ्क सङ्कलन गर्न साधनको रुपमा प्रश्नावली तयार पारी प्रयोग गरिएको छ ।

शोधपत्रलाई प्रभावकारी पार्नको लागि शोधकर्ता स्वयम् प्रत्यक्ष विद्यालयमा गएर विद्यालयका अभिलेखहरू र प्रत्यक्ष अन्तर्वार्ताको माध्यमबाट तथ्याङ्कहरू सङ्कलन गरी विश्लेषण गरिएको छ । विद्यालयमा स्तरअनुसारको खेलकुद सामग्री, सन्दर्भसामग्री उपलब्ध भए विद्यार्थीहरूको नियमितता, उत्सुकता र शिक्षकहरूको कार्यकुशलतामा समेत प्रभाव पारेको हुन्छ । समग्रमा भन्दा शैक्षिक सामग्रीको व्यवस्थापन हुँदा शिक्षण कार्य प्रभावकारी हुने कुरा बताएको छ । त्यस्तै गरी समय सान्दर्भिक शैक्षिक सामग्री निर्माण गर्ने तालिमको व्यवस्था हुने तर उक्त तालिममा सिकेको सीप क्षमतालाई व्यवहारमा प्रयोग नगर्ने पाइएको छ । शैक्षिक सामग्रीको व्यवस्थापन गर्ने छुट्टै कोठाको हालसम्म कुनै विद्यालयमा व्यवस्था नभएको पाइएको छ । तापनि शैक्षिक सामग्रीहरू भण्डारण गर्ने, प्रयोग गर्ने प्रयोगशाला कोठाको व्यवस्थापन गर्न सम्बन्धित पक्षसँग पहल भएको पाइएको छ ।

विद्यालयहरू समुदायमा जान पूर्व शैक्षिक सामग्री विभिन्न सन्दर्भ सामग्री न्यून भएतापनि समुदायमा गएपछि रकम उपलब्धताले गर्दा शैक्षिक सामग्री खरिद गर्ने र प्रयोगमा ल्याउने जस्ता सकारात्मक सुधार भएको पाइएको छ । यस शोधपत्रको लागि अध्ययन अनुसन्धान गर्दा देखिएका समस्याहरूलाई सुझावका लागि केही कुरा उल्लेख गरिएका छन् । जसअन्तर्गत प्रत्येक विद्यालयमा शैक्षिक सामग्री व्यवस्थापनको लागि सुव्यवस्था हुनु पर्ने, विषयवस्तुमा आधारित एवम् विद्यार्थीहरूको स्तर, उमेर मिल्दो शैक्षिक सामग्रीको व्यवस्थापन हुनु पर्ने जस्ता सुझावहरू दिनु पर्ने पाइएको छ ।

# विषयसूची


| क.सं. | शीर्षक | पेज |
|---|---|---|
| | सिफारिसपत्र | i |
| | स्वीकृति पत्र | ii |
| | कृतज्ञता | iii |
| | शोधसार | iv |
| | विषय सूची | vi |
| | तालिका सूची | viii |
| | **परिच्छेन : एक** | १-६ |
| | **परिचय** | |
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | समस्याको कथन | ३ |
| १.३ | अध्ययनको औचित्य | ४ |
| १.४ | अध्ययनको उद्देश्य | ५ |
| १.५ | अनुसन्धनात्मक प्रश्नहरू | ५ |
| १.६ | अध्ययनको परिसीमा | ५ |
| १.७ | शब्दहरूको परिभाषा | ६ |
| | **परिच्छेद : दुई** | ७-१० |
| | **सैद्धान्तिक खाका र सम्बन्धित साहित्यको पुनरावलोकन** | |
| २.१ | सैद्धान्तिक खाका | ७ |
| २.२ | सम्बन्धित साहित्यको पुनरावलोकन | ८ |
| २.३ | शैक्षिक उपादेयता | १० |
| | **परिच्छेद : तीन** | ११-१४ |
| | **अध्ययन विधि** | |
| ३.१ | अनुसन्धान ढाँचा | ११ |
| ३.२ | तथ्याङ्क सङ्कलन प्रक्रिया | ११ |
| ३.२.१ | जनसङ्ख्या | ११ |
| ३.२.२ | नमुनाको आकार | ११ |
| ३.२.३ | नमुना छनौट विधि | १२ |
| ३.२.४ | नमुना छनौटका आधार | १२ |
| ३.३ | अनुसन्धानका साधन | १२ |
| ३.४ | तथ्याङ्कका स्रोतहरू | १३ |

| | | |
|---|---|---|
| ३.४.१ | प्राथमिक स्रोत | १३ |
| ३.४.२ | द्वितीय स्रोत | १३ |
| ३.५ | तथ्याङ्कको प्रस्तुती, विश्लेषण र व्याख्या | १४ |
| | **परिच्छेद : चार** | |
| | **तथयाङ्कको विश्लेषण र व्याख्या** | १५-२९ |
| ४.१ | शैक्षिक सामग्रीको अवस्था पहिचान गर्न प्र.अ. सँग लिएको अन्तर्वार्ता | १५ |
| ४.१.१ | शैक्षिक सामग्री निर्माण तथा भण्डार गर्नमा प्र.अ.को भूमिका | १६ |
| ४.१.२ | शैक्षिक सामग्री व्यवस्थापनको समस्यालाई समाधान गर्न प्र.अ.को भूमिका | १७ |
| ४.२ | शैक्षिक सामग्रीको निर्माण तथा भण्डारणमा शिक्षकको भूमिका | १८ |
| ४.३ | शैक्षिक सामग्रीको प्रभावकारीता बुझ्न शिक्षकसँग लिएको अन्तर्वार्ता | १९ |
| ४.४ | शैक्षिक सामग्री उपलब्धताबारे स्रोतव्यक्तिसँग गरिएको अन्तर्वार्ता | २० |
| ४.५ | शिक्षकहरुसँग शैक्षिक सामग्रीको अवस्थाबारे बुझ्न तथ्याङ्क संकलन | २१ |
| ४.६ | शिक्षकले सामग्री प्रयोग गर्दा विद्यार्थीलाई अनुभव लागेको प्रतिक्रिया | २२ |
| ४.७ | भौतिक व्यवस्थापनमा वि.व्य.स. को भूमिका विश्लेषण प्राथमिक स्रोतहरू | २३ |
| ४.८ | भौतिक सुविधाहरू | २४ |
| ४.९ | विद्यार्थीहरूको सहजै देखिने भर्नादर | २५ |
| ४.१० | विद्यार्थीहरुको कक्षा छोड्ने र कक्षा दोहोऱ्याउने दर | २६ |
| ४.११ | प्राथमिक तहपूरा गर्नेदर औसत सिकाइ उपलब्धि दर | २७ |
| ४.१२ | शिक्षक र विद्यार्थीको औसत वार्षिक उपस्थिति | २८ |
| | **परिच्छेद : पाँच** | ३०-३२ |
| | **प्राप्ति, निष्कर्ष र सुझाबहरू** | |
| ५.१ | प्राप्ति, | ३० |
| ५.२ | निष्कर्ष | ३१ |
| ५.३ | सुझाबहरू | ३२ |
| | सन्दर्भ सामग्री | ३३ |
| | अनुसूचीहरू | a-p |

# तालिका सूची


| क्र सं. | शीर्षक | पेज नं. |
|---|---|---|
| १ | शैक्षिक सामग्रीको अवस्था पहिचान गर्न प्र.अ. सँग लिएको अन्तर्वार्ता | १५ |
| २ | शैक्षिक सामग्रीको निर्माण तथा भण्डारणमा शिक्षकको भूमिका | १७ |
| ३ | शैक्षिक सामग्रीको प्रभावकारीता बुझ्न शिक्षकसँग लिएको अन्तर्वाता | १८ |
| ४ | शैक्षिक सामग्री उपलब्धताबारे स्रोतव्यक्तिसँग गरिएको अन्तर्वार्ता | १९ |
| ५ | शिक्षकहरुसँग शैक्षिक सामग्रीको अवस्थाबारे बुझ्न तथ्याङ्क संकलन | २० |
| ६ | भौतिक सुविधाहरू | २३ |
| ७ | विद्यार्थीहरूको सहजै देखिने भर्नादर | २४ |
| ८ | विद्यार्थीहरुको कक्षा छोड्ने र कक्षा दोहोर्‍याउने दर | २५ |
| ९ | प्राथमिक तहपूरा गर्नेदर औसत सिकाइ उपलब्धि दर | २६ |
| १० | शिक्षक र विद्यार्थीको औसत वार्षिक उपस्थिति | २७ |